म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३२ आइतबार २६ असार २०७९ ने. सं. ११४२ दिल्लाथ्व 10 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बकैयाले लटरम्मेश्वरको पर्यटन प्रवर्द्धन गर्न स्वागतद्वार बनाउने

हेटौंडा, २५ असार/ मकवानपुरको बकैया गाउँपालिकाले धार्मीक पर्यटकीय स्थल लटरम्मेश्वरको पर्यटन प्रवद्र्दन गर्न स्वागतद्वार बनाउने भएको छ । गाउँपालिकाले वडा नम्वर १२ मा पर्ने धार्मीक पर्यटकीय स्थल लटरम्मेश्वर महादेवलाई पर्यटन प्रवर्द्धन गर्न स्वागतद्वार बनाउने भएको हो । गाउँपालिकाले बकैया-१२ र भीमफेदी-८ को सिमनामा पर्ने लटारम्मेश्वर परिजाने जाने बकैया-१२ को ठिंगन बजार नजिकैको खोरभञ्ज्याङमा स्वागतद्वार बनाउने जनाएको छ ।

शुक्रबार गाउँपालिकाको आठौं गाउँसभामा आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्दै गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले लटारम्मेश्वर स्वागतद्वारको लागि एक लाख रुपैयाँ बजेट छुट्टाईएको घोषणा गरे । गाउँपालिकाले वडा नम्बर १२ को घले समाज भवन मर्मतको लागि ४ लाख र चारघरे गोले टोल सडक निर्माणको लागि २ लाख बजेट छुट्टाईएको उपाध्यक्ष खत्रीले जानकारी दिए । गाउँपालिकाले आउँदो आर्थिक वर्षको लागि ८१ करोड २७ लाख ४६ हजारको बजेट विनियोजन गरेको छ ।

गाउँपालिकालाई झुक्याएर नदीजन्य पदार्थ लगे, राजस्व नबुझाएपछि क्रसरमा लाग्यो ताला



साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुरगढी गाउँपालिकाभित्रका पाँच वटा क्रसर उद्योगहरुमा ताला लागेको छ । गाउँपालिकालाई दाखिला गर्नुपर्ने राजस्व रकमको बक्यौता नबुझाएपछि शनिवार ताला लगाइएको हो ।

क्रसर उद्योगहरुले गाउँपालिकालाई नै झुक्याएर यसअघि नदीजन्य पदार्थ उत्खनन् गरेका थिए । मकवानपुरगढीका क्रसरहरुले गत जेठ अन्तिममा गाउँपालिकालाई बक्यौता रकम दाखिला गर्ने विश्वास दिलाएर नदीजन्य पदर्थ उत्खनन् गरेका हुन् । गाउँपालिकासँग लिखित सम्झौता गरेका क्रसर उद्योगहरुले सामरी खोलाबाट नदीजन्य पदार्थ थुपारेपछि बक्यौता रकम भने नतिरेका हुन् । क्रसर उद्योगले यसअघि १५ असारसम्म बक्यौता रकम तिर्ने सहमति गरेका थिए ।

क्रसर उद्योगहरुले राजनीतिक पहुँच र शक्तिको आडमा गाउँपालिकालाई झुक्याउन खोजेपछि अन्तत: गाउँपालिकाले क्रसरमा ताला लगाएको हो । गाउँपालिका कार्यालयले नदीजन्य पदार्थको राजस्व रकम नतिरेको भन्दै शनिवार पाँच वटा क्रसरमा ताला लगाएको हो । गाउँपालिकाको अभिलेख अनुसार २०७७ सालदेखि ५ वटा उद्योगहरुले गाउँपालिकालाई राजस्वको बक्यौता रकम नबुझाएको हो । गाउँपालिकालाई साईबाबा क्रसर उद्योगले २८ लाख, आमभञ्याङ एग्रिगेट प्रालिले २८ लाख, सामरी खोला बालुवा उद्योगले ४५ लाख, आधुनिक नमुना क्रसरले २३ लाख र नमुना बालुवा उद्योगले ३० लाख रुपैयाँ राजस्व बक्यौता रकम बुझाउन बाँकी छ ।

उनीहरुलाई गाउँपालिकाले पटक-पटक ताकेता गर्दापनि बक्यौता रकम नतिरेको गाउँपालिका अध्यक्ष मानकुमारी पाखिनले जानकारी दिइन् । शनिबार गाउँपालिकाकी उपाध्यक्ष पाखिनको संयोजकत्वमा ५ नम्बर वडा र ६ नम्बर वडाका वडाध्यक्ष र प्रहरीसहितको टोलीले राजस्व बक्यौता रकम नतिर्ने क्रसर उद्योगहरुमा ताला लगाइदिएको हो ।

५ नम्बर वडाका तीन वटा, ६ नम्बर वडाको एउटा र २ नम्बर वटाको एउटा गरी पाँच वटा क्रसर उद्योगहरुमा ताला लगाइएको उपाध्यक्ष पाखिनले बताइन् । क्रसर उद्योगहरुका कारण गाउँपालिकालाई सन्पन्न योजनाको भुक्तानी दिनसमेत मुस्किल परेको छ । आन्तरिक स्रोतमा बजेट नहुँदा गाउँपालिकाले चालू आर्थिक वर्षमा सम्पन्न भइसकेका योजनाको भुक्तानी दिन अप्ठेरो परेको राजस्व शाखा प्रमुख प्रकाश न्यौपानेले बताए । उपभोक्ता समितिहरुले गाउँपालिकाहरुलाई भुक्तानी दिन दबाब दिइरहेका छन् । गाउँपालिकाले भने आन्तरिक स्रोतमा भएको बजेट बराबरको मात्रै भुक्तादी दिने तयारी गरेको छ ।

भुक्तानी दिन नसकिएको खण्डमा आगामी आर्थिक वर्ष २०७९/०८९ मा दायित्व सार्ने तयारी गाउँपालिकाको छ ।

गाउँपालिकाले यसअघि भने क्रसर उद्योगहरुलाई सहयोग गरेको थियो । क्रसर उद्योगहरुले मौका पाउँदा सामरी खोलामा मनपरीसँग दोहन गर्ने गरेका थिए ।

आम्दानीको लोभमा गाउँपालिकाले क्रसर उद्योगहरुको संरक्षणसमेत गर्दै आएको थियो । बक्यौता रकम तिर्ने सर्तमा गत जेठ अन्तिममा समेत क्रसरहरुले सामरी खोलाको मनपरी दोहन गरेका थिए । बर्खा लागेपछि बिहानको फिसमिसेदेखि रातीसम्मै खोलामा एक्साभेटर र टिपरको लाभालस्कर लगाएर खोला दोहन भइरहेको थियो ।

दुई पटकसम्म ठेक्का नलागेपछि गाउँपालिकाले अमानतमै नदीजन्य पदार्थ उत्खनन् गरेको थियो । वर्षैदेखि नवीकरण नभएका यी क्रसहरु अवैधसमेत हुन् ।

लायन्स क्लब अफ हेटौंडा भुटनदेवी सेन्टेरियलको अध्यक्षमा रानाभाट

हेटौंडा, २५ असार/ लायन्स क्लब अफ हेटौंडा भुटनदेवी सेन्टेरियलको अध्यक्षमा प्रमोदसिंह रानाभाट पदस्थापित भएका छन् ।

रानाभाट आगामी एकवर्षे कार्यकालका लागि पदस्थापित भएका हुन् । वर्ष २०२२/२३ का लागि क्लबको प्रथम उपाध्यक्षमा नारायणलाल श्रेष्ठ, द्वितीय उपाध्यक्षमा ध्रुव पाण्डे, सचिवमा पवित्रा दाहाल र कोषाध्यक्षमा राजाराम कार्की चयन भएका छन् । वर्ष २०२१/२२ की अध्यक्ष मिनु अग्रवालको अध्यक्षतामा भएको कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल ३२५ एस नेपालका प्रथम भाइस डिष्ट्रिक्ट गभर्नर देवकी नन्दन अग्रवालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल ३२५ बी २ का निवर्तमान डिष्ट्रिक्ट गभर्नर शम्भु नकर्मी, ३२५ एसकी भाइस डिष्ट्रिक्ट गभर्नर टासी डोल्मा तुम्बाहाङफेंको पनि आतिथ्यता रहेको थियो ।

एउटा पुलले बनाएको सहज: मनहरीबाट राक्सिराङ हुँदै कैलाश गाउँपालिकासम्म पुरन विगतमा हिउँदको ६ महिनामात्रै सम्भव थियो । पहिला मनहरी खोलाबीचबाट बनाइएको अस्थायी सडकबाट मात्रै राक्सिराङ र कैलाश पुग्न सकिन्थ्यो । कैलाश त अझै सवारीसाधन पुग्दैन् । २०७४ मा स्थानीय सरकार गठन भएपछि राक्सिराङ गाउँपालिकाले नयाँ ट्रयाक खोल्दै सडक बनाएपछि १२ महिना नै मनहरी-राक्सिराङ आवतजावत गर्न सकिने भएको छ । मनहरीदेखि चैनपुरसम्म सडक छिचोल्न आँपखोल्छीमा गाउँपालिकाले पक्की पुल बनाएको छ । जुन पुल बनेपछि वर्खामासमेत ओहोरदोहोर गर्न सकिएको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल बताउँछन् । यही आँपखोल्छीमा चार वर्षअघि काठको अस्थायी पुलबाट पैदलयात्री हिँड्ने गर्थे ।

- तस्विर: राजकुमार मल्ल

राजनैतिक प्रतिशोध साधेर वडाध्यक्षलाई फसाउन खोजिएको कांग्रेसको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ नेपाली कांग्रेस कैलाश गाउँ समितिले स्थानीय तहको निर्वाचनमा हार व्यहोरेका दलहरुले षड्यन्त्र रचेर कैलाश-९ का वडाध्यक्षलाई फसाउन खोजेको आरोप लगाएको छ ।

शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै कांग्रेसको कैलाश गाउँपालिकाका सभापति राजेन्द्र घिसिङले कैलाश गाउँपालिका-९ का वडाध्यक्ष भुवन सिं घलानलाई राजनैतिक प्रतिशोधको कारण फसाउन खोजिएको बताएका हुन् ।

उनले राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा सहभागी हुन हेटौंडा आएका कैलाश गाउँपालिका-९, नामटारस्थित कालिका माविका विद्यार्थीमाथि यौन दुर्व्यवहार भएको घटनामा वडाध्यक्ष घलान संलग्न भएको भन्ने आरोपप्रति ध्यानाकर्षण भएको जनाए । असार १८ गते विद्यालयका शिक्षककै अनुरोधमा

विद्यार्थीहरु रहेको हेटौंडा-१० स्थित आसन गेष्ट हाउसमा पुगेको र शिक्षकबै आग्रहमा वडाध्यक्ष पनि होटेलमै बसेको कङ्गिसले उल्लेख गरेको छ । कङ्गिसको कैलाश गाउँपालिकाका सभापति घिसिङले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ 'बेलुका अन्दाजी साढे ९ बजेतीर खेलमा सहभागी भएका खेलाडीहरुले हल्ला गरेपछि माथी गएर हल्ला नगर्न र चुप लागेर बस्न आग्रह गरेको भन्ने जानकारी प्राप्त भएको छ । नेपाली कांग्रेसको तर्फबाट हालै सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा कैलाश गाउँपालिका ९ नम्बर वडाध्यक्षमा निर्वाचित भुवन सिं घलानमाथी आरोप प्रमाणित नभएको अवस्थामा एकाएक यौन दुर्व्यवहार गरेको समाचार सञ्चारमाध्यमबाट सुन्दा हामी अचम्मित छौं', उनले भनेका छन् 'हालै सम्पन्न स्थानिय तह सदस्य निर्वाचनमा जनताको मतबाट बहिस्कृतमा परेका राजनीतिक दलहरुले अत्यन्तै घृणित र तल्लो स्तरको एउटा जननिर्वाचित वडाध्यक्ष जस्तो राजैनतिक व्यक्तिलाई अनाहकमा यौन दुर्व्यवहार जस्तो घृणित आरोप लगाउने राजनैतिक दलप्रति घोर भत्सर्ना गर्दछौं र राजनैतिक स्तमै प्रतिष्पर्धा गर्न आह्वान गर्दछौं ।' प्रतिस्पर्धी राजनीतिक दल र राजनीतिक दल प्रेरित अधिकारकर्मीले एकलौटी आरोप लगाएको पनि कंग्रिसको दावी छ । सत्यतथ्य बुझेर पीडितलाई कानुनी उपचार दिलाउन पनि कंग्रिसले माग गरेको छ ।

जुत्ता चप्पल व्यवसायी संघको दोस्रो वार्षिक साधारण सभा

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ जुत्ता चप्पल व्यवसायी संघ मकवानपुरको दोस्रो वार्षिक साधारण सभा भएको छ ।

शनिबार हेटौंडामा संघका अध्यक्ष रामहरि तिमल्सिनाको अध्यक्षता तथा हेटौंडा उपमहानगरका मेयर मिना कुमारी लामाको प्रमुख अतिथ्यतामा सभा भएको हो । साधारण सभामा संघले व्यवसायीलाई सम्मान समेत गरेको छ ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवाल, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोद सिं रानाभाट लगायत विभिन्न वस्तुगत संघसंस्थाका प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

खाद्यान्न तथा किराना व्यवसायी संघको अध्यक्षमा अधिकारी

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ खाद्यान्न तथा किराना व्यवसायी संघ मकवानपुरको अध्यक्षमा युवा व्यवसायी काव्यमणि अधिकारी चयन भएका छन् ।

शनिबार भएको खाद्यान्न व्यवसायी संघको आठौं साधारणसभा तथा अधिवेशनले अधिकारीलाई सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको हो । अधिकारीको नेतृत्वमा चयन भएको संघको उपाध्यक्षमा सुदर्शन खरेल, महासचिव कुलप्रसाद चौलागाईं, कोषाध्यक्ष प्रदीपकुमार गुप्ता, सचिव राजेन्द्र फुयाँल तथा सदस्यमा अनिल बस्नेत, बासु दाहाल, सत्यबहादुर प्रजापति, प्रल्हाद सापकोटा र कृष्ण मोक्तान रहेका छन् । साधारणसभाकै बीच नेपाल खाद्यान्न व्यवसायी संघ मकवानपुर र मकवानपुर किराना व्यवसायी संघ मर्ज भएको छ । मर्जपश्चात संस्थाको नाम नेपाल खाद्यान्न तथा किराना व्यवसायी संघ राखिएको छ । खाद्यान्न व्यवसायी संघका अध्यक्ष विजयसागर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको प्रमुख आतिथ्यता रहेको थियो ।

साधारणसभामा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल खग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट लगायतको आतिथ्यता रहेको थियो ।

मातृभूमि साहित्य समाजद्वारा आधा दर्जन स्रष्टा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मातृभूमि साहित्य समाजले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका आधा दर्जन स्रष्टालाई सम्मान गरेको छ ।

शनिबार समाजले शिक्षा, साहित्य तथा मनोरञ्जनको क्षेत्रमा योगदान पुऱ्याएका ६ जना स्रष्टालाई सम्मान गरेको हो । समाजले १५ हजार राशीसहित इश्वरी स्मृति मातृभूमि पुरस्कार २०७८ बाट काठमाडौंका सुष्मा केसीलाई प्रदान गरेको छ ।

त्यस्तैगरी नगद १५ हजार राशीसहित श्याम श्रेष्ठ स्मृति मातृभूमि पुरस्कार २०७८ बाट हेटौंडाका समाजसेवी सिद्धिलाल श्रेष्ठलाई प्रदान गरेको छ । १० हजार रुपैयाँ नगद राशीसहित हातेमालो मातृभूमि युवा सृजनशील सम्मान २०७८बाट हेटौंडाका गायिका सुनिता बुर्लाकोटीलाई प्रदान गरिएको छ ।

सोही अवसरमा १५ हजार राशी सहित शेखर शर्मा रिजाल स्मृति मातृभूमि शैक्षिक सम्मान २०७८ बाट लामो समय

शिक्षण पेशामा लागेका मकवानपुरका गोकुललाल श्रेष्ठ र नौरा गोर्खालीलाई प्रदान गरिएको छ । ७ हजार ५ सय नगद राशीसहित झलक बहादुर बानियाँ जीवन संघर्ष मातृभूमि सम्मान २०७८ बाट मकवानपुरको कमला आधारभूत विद्यालयमा कक्षा ७ मा अध्ययनरत सिर्जना लोलाई प्रदान गरिएको छ । हेटौंडा उपमहानगरका मेयर मिनाकुमारी लामाको प्रमुख अतिथ्यतामा सम्पूर्ण पुरस्कारहरु प्रदान गरिएको थियो । समाजका अध्यक्ष माधव पोखेलको अध्यक्षतामा भएको कार्यक्रममा सर्जक मकवानपुरका अध्यक्ष निमेष निखील, साहित्य संगम मकवानपुरका अध्यक्ष अनिता न्यौपाने, समाजका संरक्षक हयग्रीव आचार्य, साहित्यकार देवराज खरेल, आरसी रिजालको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

विपद व्यवस्थापनमा सबै लागौं

मनसुन सक्रिय भएर वर्षाको क्रम सुरु भएको छ । पछिल्ला केही दिनदेखि देशभर वर्षा भइरहेको छ । वर्षा सुरु भएसँगै बाढी र पहिरोका घटनाहरु बढ्न थालेका छन् । कुनै कुनै क्षेत्रमा भारी वर्षाका कारण बाढी र पहिरोले भौतिक सम्पत्ति तथा मानवीय क्षति पुऱ्याउन थालेका खबर आउन थालेका छन् । वर्षाको समयमा सक्रिय हुने मनसुनका कारण मुलुकको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका खोला, नदीहरुमा पानीको सतह बढेर बाढी, पहिरो, डुबान तथा कटानबाट सबैतिर प्रभाव पर्ने गरेको छ । वर्षेनि धेरै नागरिकका लागि पीडा बोकेर आउने प्राकृतिक प्रकोपको रोकथाम र क्षति न्यूनीकरणतर्फ राज्य उदासीन भएका कारण प्रभावित क्षेत्रका नागरिकले थप पीडा बोक्न बाध्य हुने गरेको छ । विपद व्यवस्थापनसम्बन्धी काम गर्ने समयमै काम नगर्दा यो वर्षपनि बाढी, पहिरोले क्षति पुऱ्याउने सम्भावना छ ।

यस वर्षको मनसुन सक्रिय भएसँगै देशभर वर्षा सुरु भइसकेको छ । वर्षाका कारण बाढी तथा पहिरोले सवारी अवरुद्ध भएका र केही भौतिक संरचनामा क्षति पुगेका छन् । पछिल्लो समय ग्रामीण क्षेत्रमा जथाभावीरुपमा निर्माण भइरहेका सडक तथा निर्माण पूरा नभई अलपत्र परेका पुलहरु वर्षाबाट बढी क्षति भइरहेका छन् । प्राविधिक जाँचबिना खनिने ग्रामीण सडक र कमजोर भू-बनोटका कारण नेपालमा बाढी तथा पहिरोको उच्च जोखिम छ । प्राकृतिक जोखिम उच्च भएपनि यसबाट हुने क्षति न्यूनीकरणमा भने कुनै प्रभावकारी काम हुन सकेको छैन । प्राकृतिक विपद न्यूनीकरणका लागि संघ तथा प्रदेश सरकारका विषयगत निकायहरु प्रभावकारी हुन सकेका छैनन् । विपद व्यवस्थापनका लागि बागमती प्रदेश सरकारले एक वर्षअघि विनियोजन गरेको बजेट खर्च हुन सकेको छैन भने विपदबाट पीडित बनेकाहरु सरकारको बाटो हेर्दाहेर्दै थाकिसकेका छन् । नेपालमा रहेका धेरै पहाडी बस्तीहरुमा पहिरो र खोला तथा नदी किनारमा रहेका बस्तीहरुमा बाढीको जोखिममा छन् । बर्षाको समयमा प्राकृतिक प्रकोपबाट बढी क्षति भएका विगतका घटनाहरुलाई स्मरण गरेर भए पनि संघ, प्रदेश तथा स्थानीय सरकारले सम्भावित स्थानहरुमा पूर्वसतर्कता र विशेष सुरक्षाको व्यवस्था गर्नु जरुरी छ । समस्या आइसकेपछि अत्तिनुभन्दा पनि पहिले नै प्राकृतिक प्रकोपको रोकथाम र नियन्त्रण गर्न सबै तहका सरकारले क्रियाशीलता देखाउनु पर्छ । जनधनको क्षति हुनुपूर्व नै यदि सरोकारवाला निकायले आवश्यक चासो र सतर्कता देखाउने हो भने यस्ता प्रकोपहरुको असर र पीडा न्यूनीकरण हुने अपेक्षा गर्न सकिन्छ ।

वर्षामा हुने जोखिम न्यूनीकरण गर्न जति काम हुनुपर्ने हो त्यो हुन सकेको छैन । जोखिमपछिको विपद व्यवस्थापनतर्फ प्रभावकारी काम हुन नसक्दा पीडितले समयमै राहत पाउन सकेका छैनन् । वर्षामा खोला नदीमा आउने बाढी, पहाडी क्षेत्रमा आउने पहिरो तथा तराई क्षेत्रमा हुने डुबानबाट नागरिकलाई सुरक्षित बनाउनु राज्यको दायित्व हो । राज्यको विपद व्यवस्थापन गर्ने निकायलाई साधन, स्रोत सम्पन्न बनाउनुपर्छ । विपद व्यवस्थापन गर्ने निकायलाई हरेक स्थानीय तहमा स्थापना गर्नुपर्छ । वर्षामा हुने प्राकृतिक प्रकोपको जोखिमप्रति सम्बन्धित निकाय सचेत भई विपद व्यवस्थानको लागि चनाखो हुनुपर्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५००००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडकस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडकस:	९८४५१०५८२१
छतिवन रेडकस:	९८६१६२२३१९
भीमफेदी रेडकस:	६२०६९९
पालुङ रेडकस:	९८१४२०७४०१
बज्रबाराही रेडकस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२४८७, ९८४५१९१९८४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाग्मण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २७ गते सोमबार ११ जुलाई २०२२ । असार शुक्लपक्ष द्वादशी । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१७, सूर्यास्त: ७:०१ मा हुनेछ ।

आजको राशिफल

मेष	: कामको जिम्मेवारी बढ्नेछ	तुला	: अध्ययन अध्यापनमा गडबडी हुनेछ
वृष	: व्यापार-व्यवसायमा उन्नति हुनेछ	वृश्चिक	: व्यापारबाट लाभ मिल्नेछ
मिथुन	: रमाइलो यात्राको योग परेको छ	धनु	: स्वास्थ्योपचारमा खर्च हुनेछ
कर्कट	: नचिताएको काम सम्पन्न हुनेछ	मकर	: मानसिक असन्तुष्टि बढ्नेछ
सिंह	: राम्रो समाचार सुन्न पाइनेछ	कुम्भ	: ज्ञानगुनका कुरा जान्न पाइनेछ
कन्या	: घरेलु समस्याले सताउने देखिन्छ	मीन	: मनमा निरासा उत्पन्न हुनेछ

आवधिक निर्वाचन र आर्थिक सुशासन

डा. कृष्णप्रसाद पौडेल

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचनको प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने तथा संविधान र संघीय कानुन बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने अधिकार प्रदान गरेको छ ।

नेपालको संविधान, २०१९ को पहिलो संशोधनले वि. सं. २०२३ सालमा निर्वाचन व्यवस्थापन निकायको रूपमा निर्वाचन आयोगको संवैधानिक व्यवस्था गरी काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरेको थियो । तत्पश्चात वि. सं २०३७ साल वैशाख २० गते सम्पन्न राष्ट्रिय जनमत संग्रह बाहेक सबै निर्वाचन आयोगको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनमा सम्पन्न हुँदै आएका छन् । नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र वि. सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले निर्वाचन आयोगलाई संवैधानिक निकायको रूपमा निरन्तरता दिएको छ ।

निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने मुख्य निर्वाचन अधिकृतका लागि न्याय परिषदको सिफारिसमा जिल्ला तथा उच्च अदालतका न्यायाधीश र निर्वाचन अधिकृतका लागि न्याय सेवा आयोगको सिफारिसमा न्याय सेवा अन्तर्गतका विशिष्ट एवम् राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई खटाउने गरिएको छ । त्यसैगरी निर्वाचन अनुगमनका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायमा कार्यरत राजपत्राङ्कित प्रथम तथा विशिष्ट श्रेणीका कर्मचारीलाई काजमा ल्याई खटाउने गरिएको छ । मतदान स्थल तथा मतदान केन्द्रमा मतदानको कार्यमा नेपाल सरकार, नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका कार्यालय, संघ, संस्था, निकाय, स्थानीय तह, विश्वविद्यालय, शैक्षिक संस्थाबाट कर्मचारी काजमा खटाउने गरिएको छ ।

वार्षिक सुशासन किन आवश्यक छ ?

देशको समग्र विकासलाई अगाडि बढाउनको लागी स्थायित्व, सुशासन, सामाजिक न्याय र विकासलाई अंगालेर अगाडी बढ्न आवश्यक छ । जसको लागी आर्थिक सुशासनले ठुलो भूमिका खेलेको हुन्छ । वर्तमान अवस्थामा लोकतन्त्र र सुशासनप्रति आम जनतामा निराशा देखिएको छ । समग्रमा भन्नु पर्दा राज्यका काम कारबाहीहरूप्रति जनविश्वास घटेको छ । आम नागरिकमा सहभागिता र सन्तुष्टीको मात्रा बढ्नुको सट्टा खस्केको छ । २०४६ सालको आन्दोलन पश्चात् नेपाली जनताले ठुलो उत्साहका साथ भोट हाले तर जनताहरू राजनैतिक दल र राज्य संचालनको प्रकृयाबाट सन्तुष्ट छैनन ।

यसका साथै हामी आफै भनिरहेका छौं मुलुकमा आर्थिक अनुशासन भएन । आजको समाजले पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचारमुक्त र मुद्राको सार्थकता खोजेको छ । जसको लागि सुशासनको आवश्यकता छ । हामी आधुनिक युगलाई विधिको युग, कानुनको युग, विधिको शासनको युग वा भनौं वित्तीय सुशासन र दक्ष प्रशासनको युग भन्छौं । के हामि यस्तै युगमा छौ त ? आजको समाज अरस्तुले भनेको झैं जहाँ कानुनले शासन गर्न छोड्छ त्यहाँ संविधानको काम आउँदैन जस्तो भएको छ । अत: संविधानको पूर्ण कार्यान्वयन गर्न देशले आर्थिक सुशासनलाई कायम गर्न आवश्यक छ । देशमा आर्थिक सुशासन कायम गर्नको लागि आवधिक निर्वाचनमा हुने आर्थिक सुशासनबाट सुरु गर्नु आवश्यक छ ।

निर्वाचनमार्फत वार्षिक सुशासनको सुरुवात गरौं

आर्थिक अनुशासनको कुरा निर्वाचनबाट नै सुरु हुन्छ । निर्वाचनमा कसरी आर्थिक सुशासन कायम गर्ने हो भन्ने कुरा प्रमुख चुनौतीको रुपमा देखा परेको छ । निर्वाचनमा आर्थिक सुशासन कायम गर्नको लागि सूचना प्रविधिको अधिकतम प्रयोग र निर्वाचन आयोगको कार्यलाई विकेन्द्रीकरण गर्नु आवश्यक छ । चुनाव जित्न पैसा जम्मा गर्नुपर्ने वर्तमान अवस्थामा शक्तिशाली राजनीतिज्ञ, व्यापारी र उद्योगीबीचको लेनदेनको सम्बन्धका कारण समाजमा एउटा अभिजात वर्ग (एलिट ग्रुप) खडा भएको छ र यही वर्गले राज्य सञ्चालनमा कब्जा (स्टेट क्याप्चर) गरेको प्रत्याभूति हुन्छ । यसको प्रत्यक्ष असर पार्टी भित्रैबाट टिकट लिनदेखि निर्वाचनसम्म खर्च गर्दै जाँदा आयोगले तोकेको खर्च सीमाभन्दा धेरै गुणा बढी खर्च हुन्छ, त्यसले हाम्रो व्यवस्थामाथि नै प्रश्न उठेको छ । यसै कारणले गर्दा राजनीतिमा युवाको वितृष्णा दिनानुदिन बढ्दै गएको छ ।

निर्वाचनमा हुने खर्च मूलत: तीन प्रकारको हुन्छ: (१) निर्वाचन आयोगको खर्च, (२) निर्वाचनमा सुरक्षा खर्च, र (३) दल र दलका उमेद्वारले गर्ने खर्च । भडकिलो प्रचार प्रसारको शैली, अनावश्यक भिडको जम्मा, निर्वाचनमा महंगा यातायात सवारी साधनको प्रयोग लगायतले चुनावलाई महंगो बनाउदै लगेको पाइन्छ । निर्वाचनमा आर्थिक सुशासन कायम गर्नको लागी देहाएको कार्य गर्न सकिन्छ ।

- निर्वाचन आयोगको कार्यलाई विकेन्द्रीकरण गर्ने,
- राजनीति सेवा हो भन्ने भाव बुझेकोलाई राजनीतिमा अगाडि बढाउने,
- प्रस्ट भिजन भएको उमेदवारलाई चुनावी मैदानमा खडा गर्ने,
- तृप्तिभावान र योग्यलाई टिकट दिने,
- मेरिटोक्रेसी' (योग्यता र श्रेष्ठता) को अलावा इनकरप्टाबिलिटी' (सच्चरित्रता) शासनको निर्देशक सिद्धान्तरुबोकेकोलाई प्राथमिकतामा राख्ने,
- निर्वाचनको सुरक्षा खर्च कम गर्नको लागि सेवा निवृत्त सेना, पुलिस तथा अन्य प्रकारका स्वयंसेवीको समूह तयार गर्ने ।

निर्वाचनमा खर्च कसरी कम गर्ने ?

निर्वाचन आयोगको खर्च, निर्वाचनमा सुरक्षा खर्च र निर्वाचनमा दल र तिनका प्रतिनिधिले गर्ने खर्चलाई न्यूनीकरण गरियो भने धेरै हदसम्म निर्वाचनको खर्च कम गर्न सकिन्छ । निर्वाचन आयोगको खर्च कम गर्नको लागि निर्वाचन आयोगले गर्ने धेरै जस्तो कामहरू जस्तै, मतपत्र छपाइको कार्य, मतदाता शिक्षा, तालिम लगायतका कार्यलाई विकेन्द्रीकरण गर्न आवश्यक छ । यसका साथै निर्वाचनको दिनमा हुने प्रशासनिक र कर्मचारीको खर्च न्यूनीकरण गर्नको लागी स्वयंसेवी कर्मचारीको व्यवस्था गर्न जरुरी छ ।

निर्वाचनमा राजनैतिक दल र तिनका उमेदवारले गर्ने खर्चलाई न्यूनीकरण गर्नको लागि Online Payment System पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ । पैसाको दबदबा र प्रलोभनले निर्वाचनको प्रकृयालाई ध्वस्त बनाएको टिप्पणीबाट मुक्त हुनका लागि Mobile, Online तथा Digital Voting System लाई पूर्ण रुपमा कार्यान्वयमा लैजान आवश्यक छ । यसका साथै चन्दा लिने र दिने प्रणालीलाई पूर्ण रुपमा कानुनी दायरामा ल्याउन जरुरी छ ।

संसारका धेरै जसो देशहरुमा निर्वाचनको सुरक्षाको जिम्मा राजनीतिक दलले लिएको पाइन्छ । नेपालमा पनि निर्वाचनको समयमा निर्वाचन सुरक्षाको खर्च कम गर्नको लागि राजनैतिक दल र नागरिक समाजका प्रतिनिधिले नै मतपत्र, Ballet Box लगायतको सुरक्षाको जिम्मा लिनुपर्दछ । यसको साथै सम्बन्धित मतकेन्द्रमा नै मतगणमा गर्ने गरी कानुनी व्यवस्था कायम गर्न जरुरी छ ।

निर्वाचनसम्बन्धी कानुनलाई बलियो बनाउ

निर्वाचनमा आर्थिक सुशासन कायम गर्नको लागि निर्वाचनको आचारसंहिता र कानुनलाई छुट्टयाउन जरुरी छ । निर्वाचनमा हुने गरेका गलत कार्यलाई व्यवस्थापन गर्नको लागि छुट्टै न्यायिक समितिको गठन गर्न जरूरी छ । भडकिलो मतपत्रको व्यवस्थापनको लागि स्थानीय तहअनुसारको मतपत्र बनाउने कानुन ल्याउन जरूरी छ । नागरिकले आफूले मन परेको व्यक्तिलाई मात्र मत हाल्ने प्रणालीको विकास गर्नको लागि No Vote लाई कानुनी मान्यता दिन जरुरी छ । निर्वाचनप्रति आम नागरिकको विश्वास बढाउनको लागि हरेक निर्वाचनको मतगणना निर्वाचन बुथमा नै गन्ने गरी कानुनी व्यवस्था गरौं । यसका साथै चन्दादाताले चन्दा दिँदा अनिवार्य रूपमा नाफाको निश्चित प्रतिशत (%) मात्र चन्दा दिन पाउने कानुन निर्माण गरौं ।

अन्त्यमा, हरेक तहको निर्वाचन हुने मिति संविधानमा नै उल्लेख गर्नु आवश्यक छ । देशको समग्र आर्थिक सुशासनका साथै निर्वाचनमा आर्थिक सुशासन कायम गर्नको लागि चुनाव प्रणालीमा परिवर्तन, कडा कानुनद्वारा चुनावी खर्चको नियन्त्रण तथा राज्यले नै मुख्य पार्टीहरूको खर्च व्यहोर्ने पद्धतिको विकास नगरेसम्म राजनीतिमा पैसाको चलखेल र दबदबा रहिरहनेछ ।

-साभार: इकागज

सबै नेताहरु 'जनार्दन', अब जनताको पालो



युवराज घिमिरे

भ्रष्टाचार र पदीय मर्यादाको उल्लंघनले संस्थागत रुप पाएको वर्तमान शासन व्यवस्थामा आरोपित एक जना मन्त्रीले राजीनामा गर्दा अपवादजस्तो लाग्छ । बजेटका 'कर' प्रस्तावमा अन्तिम समयमा हेरफेर गरी केही व्यापारिक घरानालाई नाजायज फाइदा पुऱ्याएको, बजेटको गोपनीयता भंग गरेको र त्यसको प्रमाणका रुपमा रहेको सिंहदरबार स्थित अर्थ मन्त्रालयको सीसी टिभी 'फुटेज' नष्ट गराउन षड्यन्त्र गरेको आरोप लागेपछि राजीनामा दिन बाध्य भए उनी ।

उनलाई मन्त्रीपरिषद्मा टिकाउन न उनका पार्टीका नेता प्रचण्ड सफल भए, न प्रधानमन्त्री शेरबहादुर देउबा नै । संसद धेरैपल्ट धेरै विषयमा चुकेको छ, मुलुकमा खासगरी २०६३ वैशाख ११ मा राजा ज्ञानेन्द्र शाहले एउटा व्यापक षड्यन्त्र र दवावको पृष्ठभूमिमा खरानी भइसकेको प्रतिनिधिसभालाई ब्युँताएपछि । तर, यसपटक संसद्ले शर्मा हटाउन निर्णायक भूमिका नखेले पनि सरकार बाध्य भयो जनस्तरबाट आवाज उठ्न थालेपछि ।

जर्नादन शर्मा राजीनामा प्रकरणमा जानुअघि अहिले मुलुकको सबभन्दा ठूलो विकृतिमा चर्चा गर्नु आवश्यक हुन्छ । संसद् विचरा बनेको छ, कार्यकारीलाई आफूप्रति जवाफदेही बनाउनुपर्ने आफ्नो संवैधानिक दायित्वमा ऊ पटकपटक चुकेको छ, चिप्लिएको छ । 'आशन' गरिमा विहीन बनेको छ, किनकि आसन ओगटेकाहरु दलका आदेशपालक बन्न पुगेका छन्, सुभास नेम्वाङदेखि अग्रिन सापकोटासम्म ।

शितल निवास रामवरण यादवको समयमा नेपाली कांग्रेसको विस्तारित कार्यालय र निश्चित केही बाह्य मुलुकका कूटनीतिज्ञ र जासुसहरुसँग परामर्शको थलो बनेको थियो । अहिले एमालेभन्दा बाहिर राखेर स्वतन्त्र हिसाबले शीतल निवासलाई हेर्न सकिने अवस्था छैन । उपराष्ट्रपतिको सरकारी निवास प्रचण्ड र बाबुराम भट्टराईबीच एकता प्रयासको थलो बनेको थियो । ती कार्यालयहरु सरकारी ढुकुटीमा पालिने तर दलीय राजनीतिमा प्रयोग हुने गरेका छन् । सर्वोच्च अदालतका प्रधान न्यायाधीश संसदमा बिना तारिखको मुद्दा खेपिररहेका छन् । जर्नादन शर्माको मुद्दा संसदीय समिति मार्फत १० दिनमा टुङ्गो लगाउन तयार संसद र सरकार चोलेन्द्रशमशेर विरुद्धको महाअभियोग प्रकृया सुरु भएमा आफ्ना केही ठूला नेताहरु समेत फस्ने डरले त्रस्त छन् । त्यसैले मौन छन् । संक्रमणकालीन न्यायलाई 'फास्ट ट्रयाक' र 'तजबिजी' रुपमा निमिट्यान्न पार्न उत्सुक कानुनमन्त्री न्यायपालिकाका प्रमुखविरुद्धको महाअभियोग विधि र न्याय नमर्ने हिसाबले अघि बढाउन चासो राख्दैनन् । यो स्वेच्छाचारिताको राजनीतिमा न्यायको अपेक्षा गर्न सकिन्न । न्याय नपाउने ठाउँमा शान्ति र राज्यप्रति जनताको विश्वास अर्जित गर्न सकिन्न । संबैधानिक ओहादामा रहेकाहरुको संविधानवादका मर्म र दलीय चरित्रको प्रदर्शनले गर्दा यो अक्षरमा मात्र जीवित छ तर जनताको नजर र व्यवहारमा मृत छ भन्ने कुरालाई पुष्टि मात्र गरेको छैन कि उनीहरुले नै यो मृत्युलाई तीव्र गति प्रदान गरेको हो ।

एउटा अर्को प्रश्न र त्यसको व्याख्या बढी सान्दर्भिक हुन जान्छ । बजेट र त्यसभित्रको कर प्रस्तावमा फेर बदलका लागि अर्थ मन्त्रीले दुई जना निजी व्यापारिक घरानाका प्रतिनिधिलाई सिंहदरबार बोलाउँदा उपस्थित अर्थका चार कर्मचारीले किन त्यसबेला विरोध गरेनन् ? किन छु साता लगाए ? किनकि कहिल्यै नखोसिने 'लोकतन्त्र'मा कर्मचारीतन्त्रको पूर्ण दलीयकरण भएको छ । उनीहरु लोकसेवाबाट छानिएका योग्य प्रशासक नबनेर मन्त्री या ठूला दलका नेताहरुको आदेशपालक बन्न पुगेका छन् । योसँगै नेपालमा प्रधानमन्त्रीय प्रद्धति पनि व्यवहारमा मरिसकेको छ । गठबन्धन मन्त्रिपरिषद्मा जतिवटा पार्टी हुन्छन्, त्यति नै अघोषित प्रधानमन्त्री हुने गरेका छन् । व्यवहारमा त्यहाँ क्वीप लाग्छ, त्यस्तो प्रधानमन्त्री वा पार्टीका नेताको । मन्त्रिपरिषद्भित्रको नाइकेको निर्देशनमा सम्बधित मन्त्रीको निर्देशनमा काम गर्ने गर्छन् । वास्तविक प्रधानमन्त्रीलाई उनीहरु सुन्दैनन् ।

जब प्रधानमन्त्रीको हैसियतलाई गठबन्धनको बाध्यताले चुनौती दिन्छ र सत्तामा टिक्नु प्रधानमन्त्रीको एउटै अभिष्ट हुन्छ, प्रधानमन्त्रीय पद्धति स्वत: समाप्त हुन्छ । त्यसैले मन्त्रिपरिषद्मा अक्सर महत्वपूर्ण प्रस्ताव अब नियमित प्रकियाबाट नभएर ठाडो प्रस्तावका रुपमा जाने गर्दछ । अझ कतिपय निर्णयबारे मन्त्रीहरुलाई थाहै हुँदैन । प्रधानमन्त्रीले मुख्य सचिवलाई 'माइन्यूट' गर्न आदेश दिन्छन् र अन्तत: मन्त्रीले थाहै नपाई त्यो 'क्याबिनेट' निर्णय बन्न पुग्छ । मन्त्रिपरिषद्मा धेरै प्रधानमन्त्री हुँदाको स्वाभाविक विचलन वा विकृति हो यो ।

यो विडम्बना काल्पनिक हैन । अहिलेको यथार्थ हो । र, त्यसैलाई हामी सदृढ लोकतन्त्रको अभ्यास मानिरहेका छौं । जर्नादन शर्माले आफ्नो प्रतिरक्षामा संसदमा असान्दर्भिक अभिव्यक्तिहरु दिए । के सुपारी तस्करी रोक्नु अपराध हो ? उनको प्रश्न थियो । त्यो तस्करी यदि साँच्चै रोकिएको हो भने सराहनीय हो, किनकी शर्मा र उनी जस्ता मन्त्रीहरुलाई जनताको तिरो र राज्यको ढुकुटीबाट पालेको त्यसकै लागि हो । तर, बजेट निर्माणमा उनको जुन गोपनीयता र मर्यादाको भंग गरे, त्यो कुनै पनि परोपकारी पुण्य कर्मका लागि थिएन । त्यो अस्वीकार्य 'लेनदेन'का लागि थियो । प्रश्न यति हो: शर्माले त्यो कार्य निजी अशुभ लाभका लागि गरे या पार्टीका लागि ? त्यो सत्य उनले संसदीय छानबिन समिति समक्ष राखिदिए भने भोलिका दिनमा नेपाली राजनीति संल्याउनेतर्फ उनको योगदान पुऱ्याएको मानिन्छ । पार्टीले निर्वाचनका लागि पैसा खोज्छ । खुमबहादुर खड्काको दुरुपयोग त्यसरी नै सुरु गरेका थिए गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेसभित्र ।

एकातिर सार्वजनिक जीवनको स्वच्छताको सिद्धान्तप्रति हाम्रा प्राय: सबै नेताहरु चुकेका छन् । भौतिक पारिस्थितिजन्य प्रमाणहरुका आधारमा मान्न सकिन्छ कि मन्त्रीहरु या राजनीतिक र संवैधानिक पद ओगटनेहरुबाट नियमित रुपमा उल्लंघन भइरहेको छ भने अर्कोतिर जवाफदेहीरहित र दण्डहिनताको संस्कृति दरिलो रुपमा नेपालमा स्थापित हुँदै छ । त्यस अर्थमा शर्मा अपवाद या 'विचरा' बने यसपल्ट । सरकार र उनका पार्टी प्रमुखले सकेसम्म थामेर राखे शर्मालाई । तर, सबै विकृतिको सीमा हुन्छ । यो परिणाम आउनुमा दोषी को ? संविधान ? व्यवस्था या ती दुईलाई हाँक्ने सारथीहरुको ?

०४७ सालको संविधानलाई राजाले ब्युँताएको प्रतिनिधि सभामार्फत आपराधिक रुपमा निलम्बन गर्ने धृष्टतालाई प्रजातान्त्रिक मूल्यमान्यता र परम्परा बुझ्ने तथा त्यसलाई सम्मान गर्ने कुनै नेपालीले रुचाएनन् । तर, १२-बुँदेमार्फत वाह्य कमारो बनेको संसद्भित्रका नेताहरु (माओवादी लगायत) ले त्यसैलाई उनीहरुको जीवन र कथित क्रान्तिको सार्थकता र विजयको प्रमाण माने । विवेक, संयम, गहन अध्ययन र आन्तरिक अनुकूलतासँगै इतिहासको विरासत तथा प्रजातान्त्रिक बहुलवादमा आधारित राजनीतिबीचको समन्वय र त्यस प्रतिवद्धताको दस्तावेजका रुपमा तयार गरिएको थियो, २०४७ मा । त्यसमा आधारित राजनीतिक व्यवस्थाले निरन्तरता पाएमा मुलुकले दिगोपन या स्थायीत्व पाउँछ भन्ने भयबाट माओवादी जन्मिए, जन्माइए पाँच वर्षभित्रै । एस के सिंहले भारतीय सुरक्षा छातामा आउन र नेपाली जलमाथि भारतीय अग्राधिकारको प्रस्ताव राजा वीरेन्द्रले नमानेकाले भारतले फेरि एकपल्ट नेपालमा 'प्रजातन्त्र' प्रति रणनीतिक समर्थन जनाउने अवसर पायो ।

एस के सिंहका पछिल्ला उत्तराधिकारी श्याम सरणले १२-बुँदे मार्फत १७ हजारको हत्या र हिंसाका नाइकेहरुलाई प्रजातन्त्रका संरक्षक मानी उनीहरुसँगको सहकार्यको नीति अँगाले 'अग्रगामी' नेपालको निर्माणमा । मुलुकको हित हैन कि विदेशको खटन माओवादी प्रतिबद्धता र आचरणको केन्द्रीय चरित्र हो । तर, जर्नादन शर्माले यसपल्ट त्यसको फाइदा लिन सकेनन् । हो, उनले प्रचण्डलाई प्रसस्त मात्रामा क्षति पुऱ्याउन सक्छन चाहे भने तर उनमा पर्याप्त लोभ र सत्तामोह भएकाले उनले अन्तत: समर्पण गर्ने देखिन्छ । संसदीय समितिले दोषी ठहर गरे पनि उनलाई पार्टीको महामन्त्री बनाएर पुनर्स्थापित गर्ने आत्मघाती विकल्प प्रचण्डसँग छ । र त्यसको प्रतीक्षामा रहने छन् शर्मा ।

बेथितिको एकल उदाहरण हैन यो । कानुन मन्त्रीमार्फत आफूसहित प्राय: सबै जीवित माओवादी लडाकुहरुलाई आममाफी दिलाएर वृहत शान्ति सम्झौतालाई तत्कालको 'राजनीतिक रणनीति'का रुपमा पेश गर्ने प्रयासमा सत्ताका अर्का सर्वेसर्वा नेता प्रचण्ड लागिपरेका छन् । नेपाली सेना, द्वन्द्व पीडितहरु र अन्तर्राष्ट्रिय जगतको संलग्नता तथा अनुमोदन आवश्यक पर्ने यो खेलमा पीडितहरु विभाजित छन र नेपाली सेना रुष्ट छ भने सार्वजनिक रुपमा अन्तर्राष्ट्रिय जगतले केही भनिसकेको छैन । सत्य निरुपण तथा मेलमिलाप आयोग यो मामिलालाई वृहत शान्ति सम्झौताको ढाँचा भित्र टुङ्गो लगाउन ४ वर्ष लाग्छ अझै भन्ने मान्यता राख्छ । यो समानान्तर अभ्यासले के अर्को द्वन्द्व त सिर्जना गर्दैन राजनीतिक वृतमा ? मन्त्रिपरिषद्मा धेरै प्रधानमन्त्री भएजस्तै खण्डित सत्ता र शान्तिको कथित समानान्तर अभ्यास के कतैबाट निर्देशित त छैन ?

संविधान र व्यवस्था सधैं तिनका सार थीहरुको अक्षमताबाट विकृत र असफल हुन्छ । यो भद्रगोलबीच राष्ट्र ब्यांकका गभर्नरले आयत्तसँग मेल खाने गरी विदेशी मुद्रा नआएमा आर्थिक संकट मुलुकले थेग्न नसक्ने गरी बिग्रने चेतावनी दिएका छन् ।

नेपालमा राजनीतिक संस्कार र चरित्र नेताहरुले देखाउन नसकेको अवस्थामा भोलिका दिनमा यसको जवाफदेही कसैले लिने छैन, बस उच्च तहमा एकअर्काविरुद्ध दोषारोपणका सिलसिला सुरु हुनेछ । राष्ट्रपति प्रधानमन्त्रीसँग 'एसपिपी'लाई लिएर रुष्ट छिन् । उपराष्ट्रपति माओवादीलाई पहिले र त्यसपछि एमालेसँग मेल गराउन उद्यत छन् । अर्कोतिर समानान्तर रुपमा प्रचण्ड सम्भव भए अहिले नै निर्वाचन सरकारको नेतृत्व गर्ने, नभए चुनावपछि कांग्रेससँग आलोपालो नेतृत्वमा सहमति खोज्न पनि लागिपरेका छन् ।

केपी ओली खुलेरै आइसकेका छैनन् । तर अस्थितयार प्रमुख तथा प्रमुख निर्वाचन आयुक्तसँगको राजनीतिक साइनो परिआएमा प्रयोग गर्न उनी हिच्किचाउने छैनन् । राष्ट्रपति र प्रधानमन्त्री, उपराष्ट्रपति अनि विभिन्न दलका नेताहरुको कोटाबाट राजनीतिक तथा संवैधानिक पद हासिल गरेकाहरुले पनि अब उत्पन्न हुन लागेको नयाँ राजनीतिक कुरुक्षेत्रमा आ-आफ्नो पक्षविपक्ष रोज्ने छन् । त्यहाँ कुरुक्षेत्र अवश्य हुने छ, तर 'धर्म क्षेत्र' त्यहाँ हुने छैन । वाहय शक्तिलाई नेपाली जनताले आन्तरिक राजनीतिमा सामूहिक हस्तक्षेप गरे रोक्न सम्भव छ । त्यो समय आएको छ । वर्तमान नेताहरुले नै त्यसलाई अनिवार्य सावित गरेका छन् । जर्नादन शर्मा सर्वत्र छन् तर उनीहरु जनताको सिसिटिभीभित्र परिसकेका छैनन् । फेरि पनि शर्माका साथी हुन् सबै भन्ने जनतासमक्ष स्पष्ट भइसकेको छ ।

- साभार: देशसञ्चार

'सेफ नेपाल' रियालिटी शो सञ्चालन हुने

काठमाडौं, २५ असार (रासस)/ नेपालमा पहिलो पटक खाना पकाउने कलासम्बन्धी रियालिटी शो 'सेफ नेपाल' सञ्चालन हुने भएको छ ।

नेपाली खानाको प्रवर्द्धन र खाना पकाउने कलाको विकासका लागि पाककलासम्बन्धी रियालिटी शो सञ्चालनमा ल्याउन लागिएको निर्माता धर्मराज पाण्डेले जानकारी दिए । उनले भने, "नेपाली खानाको प्रवर्द्धनका लागि एउटा प्लेटफर्म क्रियट गरौं भनेर यो अभियान चलाइएको हो । हामीसँग नेपाली खाना र मिडिया हुनुहुन्छ, मैले पुलका रुपमा काम गर्न लागेको हुँ ।"

धर्म पिक्चर्सको प्रस्तुति रहेको सेफ नेपालको निर्देशन सिमोस सुनारले गर्नुहुनेछ । सेफ नेपाल रियालिटी शोमा सेलीब्रेटी जजका रुपमा नायिका प्रियंका कार्की रहेको छ । नेपालमौ नौलो शोका रुपमा निर्माण गर्न लागिएको शोमा नेपाली खानाका पारखी र यस क्षेत्रमा रुचि हुनेलाई प्रोत्साहन गर्नुका साथै नेपाली खानाको प्रचारप्रसारमा सहयोग पुग्ने निर्माण पक्षको विश्वास छ ।

साउनदेखि सञ्चालनमा आउने उक्त शोका लागि करिब चार करोड खर्च हुने जनाइएको छ । साउन पहिलो सातादेखि कार्यक्रम उत्पादन गरिने र अन्तिम सातादेखि

कार्यक्रम प्रसारण हुने निर्माता पाण्डेले जानकारी दिए । विजेतालाई २५ लाख पुरस्कार र सेफ नेपालको प्रमाणपत्र दिइनेछ ।

"नेपाली खानाबारे धेरै अध्ययन र प्रतिस्पर्धा भइरहेको छ । अन्तर्राष्ट्रिय बजारमा बिबिसी मास्टर सेफजस्ता शो भइरहेका छन् । यो मास्टर सेफकै विधि हो, मास्टर सेफ ल्याउँदा बढी खर्चिलो हुने भएकाले हामीले नेपालकै मौलिक ब्राण्ड बनाउन खोजेका हौं", निर्माता पाण्डेले भने ।

प्रतियोगिताको अहिले 'पि अडिशन राउण्ड' चलिरहेको छ । अनलाइनबाट प्रतियोगीले सहभागिता जनाउन सक्नेछन् । औपचारिक घोषणा भइसकेको शो लागि 'अनप्रोफेस्नल'ले पनि सहभागिता जनाउन पाउँछन् । गृहिणी, खाना पकाउन रुचाउने कला भएका व्यक्ति तथा होटल म्यानेजमेन्ट अध्ययन गरेकले सहभागिता जनाउन सक्नेछन् ।

अनलाइन आवेदनमध्ये १०० जनालाई छानिने छ । उनीहरुले निर्णायकका अगाडि लाइभ अडिशनमा आफ्नो कला देखाउनुपर्नेछ । तीस जना छनोट भएपछि उनीहरुमध्ये कुकिङ प्रतिस्पर्धाबाट एलिमिनेट राउण्डका लागि १५ जना छनोट गरिन्छ । त्यसपछि एलिमिन्टे राउण्ड सुरु भएपछि १५ जनाबाट एक/एक जना एलिमिनेट हुँदै टप तीन छनोट गरी उनीहरुमध्येबाट सेफ नेपाल विजेता घोषणा गरिने आयोजकले जनाएको छ ।

कार्यक्रमको निर्णायकमा प्रियंका कार्की, सेफद्वय गणेश ढकाल र लम्मणप्रसाद भण्डारी हुनुहुन्छ । हरेक 'एपिसोड'मा तीन निर्णायकबाहेक अन्य दुई जना अतिथि एक सेलिब्रेटी र अर्का एक सेफ रहनेछन् । यो कार्यक्रम अवधिभर सेफहरुलाई आफ्नो पाककला देखाउने अवसर पनि पाइने पाण्डेले बताए ।

नि:सन्तान दम्पती लक्षित 'आइभिएफ' सेवा सञ्चालन

काठमाडौं, २५ असार (रासस)/ कीर्तिपुर नगरपालिकाकी २८ वर्षीया एक महिला जति खुसी देखिन्छिन् त्यतिकै बैताडीकी ३३ वर्षीया महिलाको अनुहारमा पनि चमक छ । नि:सन्तान उनीहरूमा अहिले सन्तानका लागि 'आइभिएफ'(इनभिट्रो फर्टिलाइजेसन) पद्धतिमार्फत गर्भाधान सफल भएपछि उनीहरूमा खुसी देखिएको हो ।

चिकित्सकका अनुसार महिलाको पाठेघरको अण्डामा समस्या भएको, बन्ने प्रक्रिया नभएको वा अन्य कुनै महिलाबाट लिनुपर्ने भए वा पुरुषको वीर्यमा कुनै खराबी देखियो भने अण्डा र वीर्य झिकेर संयोजन गराइ प्रयोगशालामा हुने उपकरण (इन्कुबेटर) मा निश्चित दिनसम्म राखिन्छ । यसपछि विकास भएको भ्रुणलाई महिलाको पाठेघरमा राख्ने प्रक्रिया नै 'आइभिएफ' पद्धति हो । सुरुआती समयमा कृत्रिम तरिकाले गर्भाधान गराएर भ्रुणलाई ट्युबमा विकास गरिने भएकाले यसलाई 'टेस्ट ट्युब बेबी' भनिएको हो ।

यौन तथा प्रजनन स्वास्थ्य सेवाका क्षेत्रमा क्रियाशील संस्था नेपाल परिवार नियोजन संघले पहिलोपटक सञ्चालनमा ल्याएको 'टेस्ट ट्युब बेबी तथा बाँझोपन उपचार केन्द्र' मा उनीहरूले 'आइभिएफ' सेवा लिइरहेका छन् । नि:सन्तान दम्पतीलाई लक्षित गर्दै संघले गत चैत महिनादेखि सो केन्द्र सञ्चालनमा ल्याएको थियो । केन्द्रका प्रमुख डा. स्मिता कर्माचार्यले भने, "मार्चदेखि सुरु 'आइभिएफ' क्लिनिकमा दुईजनाको 'टेस्ट ट्युब बेबी'का लागि गर्भाधारण गराउन सफलता मिलेको छ । उनीहरूको स्वास्थ्य पनि राम्रो छ । आशा छ उनीहरूले स्वस्थ नवजात शिशुलाई जन्म दिनुहुनेछ ।" विश्वव्यापी रुपमा आइभिएफ विधिको सफलता ४४ देखि ५० प्रतिशतसम्म रहेको जनाइएको छ ।

वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. कर्माचार्यका अनुसार यही असार अन्तिम तथा आगामी साउनको पहिलो हप्तामा नि:सन्तान आठ महिलालाई 'आइभिएफ' सेवा दिने तयारी थालिएको छ । यसका लागि संघले मोडेल अस्पतालसँग सहकार्य गरेको छ ।

यौन तथा प्रजनन स्वास्थ्य, परिवार योजना र महिला स्वास्थ्यका क्षेत्रमा उपचारात्मक तथा प्रवर्द्धनात्मक दुवै सेवा प्रदान गरिराखेको संघले आफ्नो स्थापनाको ६३ वर्षपछि सो क्लिनिक सञ्चालनमा ल्याएको थियो । प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाको तत्कालीन मन्त्रिमण्डलमा एकमात्र महिला सहायकमन्त्री द्वारिकादेवी ठकुरानीले संघको स्थापना गरेको थियो । उनले पहिलो स्वास्थ्य सहायकमन्त्री बन्ने शौभाग्यसमेत पाएको थियो ।

संघका व्यवस्थापक डा नरेशप्रताप केसीले भने, "संघले प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यक सबै प्रकारका क्लिनिकल सेवा प्रदान गरिराखेको छ । हाम्रो सेवा सस्ता छन् साथै असाहय, विपन्नका लागि नि:शुल्क पनि छन् । सुरक्षित गर्भपतन सेवा, वैवाहिक समानतामा निरन्तर पैरवी तथा परिवार व्यवस्थापनका सेवा निरन्तर जारी छन् ।"

संघले 'आइभिएफ' क्लिनिक सेवाका लागि दुई लाख ३० हजार शुल्क निर्धारण गरेको छ । यो सेवा परोपकार प्रसूति अस्पतालमा दुई लाख २० हजार तथा निजी अस्पतालमा तीन लाखभन्दा माथि रहेको जनाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा विवाहिता दम्पतीमध्ये २० प्रतिशतमा नि:सन्तान हुने समस्या छ । चिकित्सकका अनुसार दम्पतीले एक वर्षसम्म परिवार नियोजनका साधन प्रयोग नगरिकन नियमित शारीरिक सम्बन्धमा रहँदा भ्रुण बसेन भने यसलाई बाँझोपन भनिन्छ ।

डा. कर्माचार्यका अनुसार पाठेघरमा शिशु बन्ने प्रक्रिया हुन नसके 'आइभिएफ पद्धति' प्रयोग गरिन्छ । शिशु बन्ने प्रक्रियालाई कृत्रिम तरिकाले बाहिर प्रयोगशालामा गरिनुलाई 'आइभिएफ' पद्धति भनिन्छ । डा. कर्माचार्यका अनुसार 'आइभिएफ' पद्धतिमा पूर्वतयारी, महिलाको अण्डा बाहिर झिकेर बाहिरीरूपमा विकासित भ्रुण उपकरणमार्फत पाठेघरमा पठाउनेलगायतका चरण छन् ।

बाँझोपनको अवस्थामा ट्युब, डिम्बाशय, हार्मोन अथवा पुरुषमा केही खराबी छ कि भनेर पत्ता लगाइन्छ । उनका अनुसार यसपछि मात्रै उसको उपचार सुरू हुन्छ । पूर्वतयारी अवस्थामा नि:सन्तान दम्पतीको बाँझोपनसम्बन्धी अवस्थाको चिकित्सकीय माध्यमबाट श्रीमान्/श्रीमतीको सम्पूर्ण जाँच तथा अध्ययन गरिन्छ । सामान्यत: महिलाको पाठेघरको जाँच गरिन्छ । यसपछि महिनावारी हुने बित्तिकै सुई लगाइन्छ र उनको डिम्बाशयलाई हर्मोनको माध्यमबाट विस्तार गरेर धेरै अण्डा बनाइन्छ ।

डा. कर्माचार्यले भने, "जतिबेला डिम्बाशयमा अण्डा परिपक्व हुन्छ । एउटा सुई दिएर ३४-३५ घण्टापछि अण्डा बाहिर निकालिन्छ । यो प्रक्रिया शल्यक्रियामार्फत हुन्छ । यसरी झिकिएको अण्डालाई 'इन्कुबेटर' उपकरणमा वीर्यसँग उपयुक्त वातावरणमा संयोजन गराई प्रयोगशालामा राखिन्छ । त्यहीं भ्रुण विकास हुन्छ ।" उनले भने, "सामान्यतया, पहिलो चरणको प्रक्रियामा पाँचभन्दा बढी भ्रुण बनाइन्छ । महिलाको अवस्था हेर र एक वा दुई भ्रुण पाठेघरमा हाल्ने गरिएको छ । बाँकी भ्रुण सुरक्षित राखिन्छ । यदि पहिलोपटक सफल नभए, अर्कोपटक बाँकी रहेकाबाट पुन: पाठेघरमा राखिन्छ । दोस्रो पटक पाठेघरमा भ्रुण हाल्दा सुरूका प्रक्रियामा जानुपर्दैन । प्रयोगशालामा राखिएको भ्रुण राख्ने मात्र हो ।" उनका अनुसार भ्रुण राखेको आठदेखि १० हप्ता पुगेपछि सामान्य गर्भवती जस्तै हुन्छ । सामान्य गर्भवतीलाई एक-एक महिनामा स्वास्थ्य संस्थामा बोलाएजस्तै आइभिएफ गरेकालाई पनि बोलाइन्छ । यस्तै सामान्य टिटनास खोप, आइरन र क्याल्सियम दिइन्छ । प्रसूति पनि सामान्य प्रक्रियाबाट हुन्छ ।

४३ जिल्लाका ३०१ पालिकामा स्वास्थ्य क्लिनिक

हाल संघले विभिन्न ४३ जिल्लाका ३०१ पालिकामा रहेका क्लिनिकमार्फत यौन तथा प्रजनन स्वास्थ्य, परिवार योजना र महिला स्वास्थ्यसँग सम्बन्धित विभिन्न क्लिनिकल सेवा तथा प्रवर्द्धनात्मक सचेतना प्रदान गरिराखेको छ ।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाअन्तर्गत प्रजनन स्वास्थ्य तथा परिवार योजना शाखाका प्रमुख कविता अर्यालले परिवार योजना सेवामा संघको योगदान २० प्रतिशत रहेको र सीमान्तकृत तथा जोखिममा रहेका समुदायको पहुँचमा प्रजनन स्वास्थ्य सेवा पुऱ्याउन संघको योगदान उच्च रहेको बताए ।

नेपालमा हरेक वर्ष लगभग एक हजार २०० महिलाको मृत्यु गर्भवतीका क्रममा हुन्छ भने तीन ग्रामीण महिलामध्ये एकले आफूले चाहेअनुसारको गर्भनिरोधकको आधुनिक साधन र विधि प्रयोग गर्न पाएका छैनन् । परिवार योजना कार्यक्रमको गुणस्तरीय र प्रभावकारी कार्यान्वयनले १० प्रतिशत बालमृत्यु, ३० प्रतिशत मातृमृत्यु घटेको बताइएको छ ।

स्वास्थ्य तथा जनसंख्या सर्वेक्षण २०१६ का अनुसार चौबिस प्रतिशत विवाहित दम्पतीले परिवार नियोजनका आधुनिक अस्थायी साधन प्रयोग गर्न चाहेर पनि पाइरहेका छैनन् । यसैगरी नेपालमा १५ देखि ४९ वर्षका विवाहित महिलामध्ये ५३ प्रतिशतले परिवार नियोजनको कुनै न कुनै विधि प्रयोग गरिराखेका छन् । तीमध्ये ४३ प्रतिशतले मात्र आधुनिक साधन र बाँकीले परम्परागत विधि प्रयोग गरिराखेका सर्वेक्षणमा उल्लेख छ ।

'हर्मनन क्लिनिक' सञ्चालनमा बाजौं

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको संविधान प्रदत्त हक संरक्षण गर्न 'हर्मनन क्लिनिक' सेवा आगामी साउनको पहिलो हप्तादेखि सञ्चालनमा ल्याइने भएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक भन्नाले समलिङ्गी महिला, समलिङ्गी पुरुष, द्विलिङ्गी, पारालिङ्गी, अर्न्तलिङ्गी र 'क्वेयर' आदि पर्दछन् ।

संघले नेपालमा पहिलोपटक नि:शुल्करुपमा सो सेवा सुरुआत गर्न लागेको हो । दक्षिण एशियामा गैरसरकारी सस्थाबाट 'हर्मनन क्लिनिक' सञ्चालन गर्ने संघ पहिलो संस्था हुने बताइएको छ । संघका पैरवी अधिकृत जमुना सिटौलाले विशेष गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका लागि 'हर्मनन क्लिनिक' सेवा सञ्चालनको लागि अन्तिम तयारी भइरहेको र आगामी साउन महिनादेखि सेवा सुरुआत हुने जानकारी दिए ।

अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघको आर्थिक एवं प्राविधिक सहयोगमा सो क्लिनिक सञ्चालनमा आउन लागेको हो । सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिलाउन नेतृत्वदायी भूमिका निर्वाह गरेको संघले यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिका समानता र हक अधिकार सुनिश्चित गर्न सञ्चालन गर्न लागेको 'हर्मनन क्लिनिक' सेवाबाट ती समुदायलाई महत्वपूर्ण सहयोग पुग्ने संघका उपत्यका शाखा व्यवस्थापक शरद अर्यालले जानकारी दिए । नीलहीरा समाजमा आबद्ध स्वस्तिका लामाले भने, "विशेष गरी ट्रान्स पारालिङ्गीले 'हर्मनन क्लिनिक' बाट सहयोग पाउँदछन् । नेपालमा यो सेवा सुरुआत हुनु अन्त्यन्त सकारात्मक कुरा हो ।"

संघले गत पुस महिनामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको पैरवी गर्न 'विशेषज्ञ कार्य समूह' गठन गरी विभिन्न काम गरिहेको छ । विसं २०५९ मा सुरक्षित गर्भपतन सेवालाई पहिलोपटक कानुनी मान्यता प्रदान गरिएको थियो । यसपछि सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति २०६० कार्यान्वयनमा आएको थियो भने यही नीतिका आधारमा विसं २०७३ देखि स्वास्थ्य मन्त्रालयद्वारा सूचीकृत संस्थामा सो सेवा नि:शुल्क प्रदान गरिँदै आएको छ ।

यसैगरी संघले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, नियमावली २०७७ र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ जारी गराउन सरकारलाई महत्वपूर्ण सहयोग गरेको थियो । कोरोना महामारीका बीचमा पनि संघले गत वर्ष मात्र ३३ लाख ६० हजार सेवाग्राहीलाई आफ्ना क्लिनिकमार्फत यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा प्रदान गरेको जनाइएको छ ।

प्रदेशको नाम टुंगो नेपाली कृषक मारमा लगाउन छलफल

विराटनगर, २५ असार (रासस)/ प्रदेश नं १ को नामकरणका बारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सर्वदलीय बैठक सम्पन्न भएको छ । प्रदेश सरकारको आह्वानमा प्रदेशसभाका संसदीय दलका नेताहितको बैठक मुख्यमन्त्रीको कार्यकक्षमा शुक्रबार बसेको हो । चालु प्रदेशसभाबाट प्रदेशको नामकरण टुंगाउने विषयमा बैठक बसेको मुख्यमन्त्री राजेन्द्रकुमार राईले बताए ।

बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले संसदीय दलका नेता भीम आचार्य, नेपाली कांग्रेस संसदीय दलका नेता राजीव कोइराला, नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता एवं आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्ब्वो, जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेता एवं स्वास्थ्य मन्त्री जयराम यादव, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च संसदीय दलका नेता एवं सामाजिक विकास राज्यमन्त्री विष्णु तुम्बाह्राम्फे र राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता इन्दिरा राईको उपस्थिति थियो । प्रदेशसभाको चालु अधिवेशनबाटै प्रदेशको नाम टुंगो लगाउने विषयमा दलहरूबीच प्रारम्भिक कुराकानी भएको मुख्यमन्त्री राईले बताए । प्रारम्भिक चरणको बैठक भएकाले आ-आफ्नो दलका तर्फबाट धारणा राख्ने काम भएको बताइएको छ ।

"सुरुआतीजस्तो बैठक भएकाले अहिले दलका तर्फबाट प्रारम्भिक धारणा आएको छ, प्रदेश नामकरणका विषयमा सबै दलले लचकता अपनाउने र साझा सहमति खोज्ने कुरा भएको छ", मुख्यमन्त्री राईले सर्वदलीय बैठकमा भएका कुराकानी उल्लेख गर्दै भने ।

दलहरूबाट प्रदेशको नामकरणका सवालमा अलगअलग नाम आएकाले आगामी बैठकमा वैकल्पिक नामसहित उपस्थित हुने सहमति भएको उनले बताए । आ-आफ्नो पार्टीबाट अब थप म्याण्डेटका साथ उपस्थित हुने गरी अर्को बैठक बस्ने जनाइएको छ ।

भैरहवा, २५ असार (रासस)/ खुला सीमानाकाले सस्तो भारतीय उत्पादनका तरकारी सहजरुपमा नेपाल भित्रिएपछि नेपाली किसान मारमा परेका छन् । सम्भावना देखेर कृषि पेसामा लागेका किसान भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेपछि समस्यामा परेको बताउँछन् । बैकिङ लगानीमा कृषि पेसा अंगालेका कृषकले उत्पादन गरेको तरकारीलाई आयातीत उत्पादनले विस्थापित गरेको किसानको पीडा छ ।

सरकारी तहबाट सहयोग नहुनु र बजारीकरणमा समस्याले बाहिरबाट आएका उत्पादनले आफूहरूको तरकारी उत्पादनलाई विस्थापित गरेको गैडहवा गाउँपालिका-७ का किसान विजयसिंह केवट बताउँछन् ।

आर्थिक वर्ष २०७८/०७९ को जेठ मसान्तसम्ममा लुम्बिनी प्रदेशको भैरहवा भन्सार नाकाबाट १० हजार ५६९ मेट्रिक टन हरियो तरकारी नेपाली बजारमा भित्रिएको देखिन्छ । यसको अलावा खुला सीमाको फाइदा उठाउँदै मोटरसाइकल र साइकलमा तरकारी दैनिक नेपाल भित्रिने गरेको छ । भारतमा कृषि उत्पादनमा सरकारले बीउ, मल, प्रविधि, विद्युत्लगायतमा सहयोग पुऱ्याउँदा कृषि उत्पादन लागत नेपालभन्दा निकै सस्तो हुने गर्दछ । नेपालमा मल, बीउ, प्राविधिक सहयोग, बजारीकरणको अभाव हुँदा बाहिरबाट आउने उत्पादनसँग प्रतिस्पर्धा गर्न समस्या परेको जिल्लाको तिलोत्तमा नगरपालिका-१४ का किसान पन्नेलाल केवट गुनासो गरे । नेपालमा तरकारी बजारमा विचौलियाको समेत बढी प्रभाव हुने गरेको छ । यसले नेपाली किसान विस्थापित हुने गरेको सिद्धार्थनगर नगरपालिका-१२ का किसान राधेश्याम लोध बताउँछन् ।

संघ र प्रदेश हुँदै स्थानीय सरकारले नेपाली किसानलाई कृषि उत्पादनमा सहयोग र उत्पादन भएको वस्तु बजारीकरणमा व्यवस्थापन गर्नुपर्ने रुपन्देही कृषि उद्यमी बताउँछन् । सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इस्तियाक अहमद खाँले नगर क्षेत्रमा तरकारी खेती उत्पादन गर्ने किसानका लागि अब विशेष प्याकेज ल्याउने भन्दै भारतीय तरकारीको विकल्प खोज्ने बताएको छ ।

विदेश छाडेर बेतबास उद्योग चलाउँदै सागर

महेन्द्रनगर, २५ असार (रासस)/ कञ्चनपुर महेन्द्रनगरका ३१ वर्षीय सागर क्षेत्रीले युएईको अवुदाबीमा तीन वर्ष पेट्रोलपम्पमा काम गरिन् । त्यहाँ हुँदा मासिक डेढ लाखको कमाइ हुन्थ्यो । त्यो काम छाडेर स्वदेशमै काम गर्ने इच्छा शक्तिले उनी अहिले बेताबासको उद्योग चलाउँदै छन् ।

चार वर्षअघि बुबाको प्रेरणाबाट भीमदत्त नगरपालिका-१८ जानकी टोलमा बिन्ध्यावासिनी बेतबास लघु उद्योग स्थापना गरेका क्षेत्री अहिले वार्षिक ३० लाखको कारोबार गर्दछन् । "५० को झाड्दैखि ८५ हजारको स्तरीय सोफासेटसम्म उत्पादन गर्छु", सागरले भने, "अहिले विदेशको काम छाडेकोमा कुनै पछुतो छैन ।" उनले उद्योगबाट भएको कमाइले यहाँ आधा कट्ठा जमिन गोदाम घर बनाउन खरिद गर्नुका साथै दुई वटा मिनीट्रकसमेत किनिसकेको छ ।

दश जनालाई बेतबासको सामान बनाउने तालिम दिएर उद्योगमै रोजगारी दिएको क्षेत्रीले अहिले उद्योगको कारोबार दुई करोड पुगेको बताए । "घर परिवारसित बसेर आफ्नै ठाउँमा रोजगार मात्रै होइन अरुलाई समेत रोजगार दिन सकिँदो रहेछ", उनले भने, "तर त्यसका लागि सरकारको प्रोत्साहन चाहिन्छ ।" एकल महिला, अपाङ्गता भएका व्यक्ति र आर्थिक

अवस्था कमजोर भएकालाई रोजगारी दिएको बताउँदै उनले उद्योग सञ्चालन अघि २० जनालाई प्रशिक्षण दिएको जानकारी दिए । "यहाँ उत्पादन भएका सामग्रीको खपतका लागि सुदूरपश्चिम प्रदेश नै हाम्रो मुख्य बजार हो", क्षेत्रीले भने, "यहाँ कच्चा पदार्थ डडेल्धुरादेखि झापासम्मबाट समेत आयात गर्छौं ।" उनको उद्योगमा छ प्रकारका झाडु, हयाङ्गर, सोफा, कुर्ची टेबल, मुडा, डाइनिङ सेटलगायतका सामग्री उत्पादन हुने गर्छ । "कच्चा पदार्थका लागि अन्यत्र धाइरहनुपरेपछि भारतीय झाडु अझै पनि महँगोमा निर्यात भइरहँदा स्थानीय उत्पादन खपतमा समस्या हुन्छ", उनले भने ।

क्षेत्रीका बुबा लालबहादुर यहाँस्थित वन कार्यालयको सवारी चालक हुन् । करिब २१ वर्षदेखि वन अधिकृतको गाड़ी चलाउँदै आएको लालबहादुरले कार्यालयको कामको सिलसिलामा हाकिमसित जिल्ला बाहिर जाँदा लघु उद्योगबारे जानकारी लिएपछि छोरालाई विदेशबाट घर बोलाएको सुनाए । "सरकारले उद्योग चलाउन अरु युवालाई सीपमूलक तालिम दिन प्याकेज दिए पनि हामी धेरैलाई सीप सिकाउन सक्छौं", उनले भने, "स्थानीय र प्रदेश सरकारले पनि युवा स्वरोजगारको विषयमा गम्भीर हुनुपर्‍यो ।" उनले कोरोना कहरमासमेत उद्योगमा कार्यरत मजदुरलाई घरघरमा कच्चा पदार्थ पुऱ्याएर रोजगारी गुम्न नदिएको जानकारी दिए ।

प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेको सागर अहिले पिठो, तेल र बेसार मसला उद्योग सञ्चालनको तयारीमा छन् । "धेरै युवा खाडी मुलुकमा बिना सीप चर्को गर्मीमा श्रम बेचिरहेका छन्", उनले भने, "सरकारले युवापुस्तालाई लघु उद्योगमा लाग्न प्रेरित गरे युवा शक्ति बाहिरिनु पर्दैन् ।"

पुष्प व्यवसायले अझै लय लिन सकेन

काठमाडौं, २५ असार (रासस)/ कोरोना महामारीका कारण विगत दुई वर्षसम्म घाटाको सामना गरिरहेको पुष्प व्यवसायले अझै पनि लय लिन सकेको छैन ।

महामारी पहिलो, दोस्रो र तेस्रो चरणसम्म आइपुग्दा पुष्प व्यवसायीले कठिन अवस्थाको सामना गर्नुपरेको थियो । खुसी र विभिन्न उत्सवमा बढी प्रयोग हुने फूल कोरोना महामारीका कारण त्यस्ता गतिविधि ठप्प भएपछि यसको कारोबार पनि नगण्य भएको थियो । पुष्प व्यवसायीका अनुसार फूलकोव्यापार भने आशाअनुरुप हुन सकेको छैन । कोरोना महामारीका समयमा भन्दा केही गतिविधि बढे पनि विगतको झैं लय लिन नसकेको फ्लोरीकल्चर एशोसिएसनका अध्यक्ष मीनबहादुर तामाङको भनाइ छ ।

व्यवसायीमा कारोनाको त्रास कायमै रहेकाले लगानी गर्ने वातावरण नबन्दा उत्पादनमा पनि कमी आएको छ । अर्कोतीर अहिले भएको आर्थिक मन्दीका कारण यस व्यवसायले अझै आम्दानीतर्फ फड्को मार्न नसकेको अध्यक्ष तामाङ बताउँछन् । आर्थिक कारोबार कम भएकै कारण चालु आर्थिक वर्षमा तीन अर्बको कारोबारको लक्ष्य लिएको यस व्यवसायमा दुई अर्ब मात्र कारोबार हुने अवस्था छ । हाल नेपालमा खपत हुने फूलमध्ये ९१ प्रतिशत नेपालमै उत्पादन हुन्छ भने अझै पनि नौ प्रतिशत फूल विदेशबाट आयात गर्नुपर्ने अवस्था रहेको अध्यक्ष तामाङले जानकारी दिए । पछिल्ला वर्षमा सयपत्री फूलमा पनि देश आत्मनिर्भर हुँदै गएको छ । मुख्यगरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरीमध्ये केही सयपत्री फूलको मालामात्रै भारतबाट ल्याउने गरिएको छ । अन्य समयमा प्रयोग हुने फूलमा भने देश आत्मनिर्भर भइसकेको छ ।

कात्तिकदेखि फागुनसम्म विभिन्न चाडबाड र विवाहको मौसम पर्ने हुँदा फूल बढी प्रयोग हुने गर्दछ । फूलको मागमा आएको वृद्धिसँगै विशेषगरी काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, गुल्मी, पाल्पा, धादिङ, मोरङलगायत ४३ जिल्लामा पुष्पखेती विस्तार भइसकेको छ । नेपालमा हाल व्यावसायिकरूपमा ४५० प्रजातिका फूल उत्पादन हुँदै आएको छ । नेपालमा झण्डै १५७ हेक्टरमा ७०० व्यवसायीले यसको खेती गर्दै आएका छन् ।

'ब्लुप्रिन्ट ट्रेडिङले सेनेटरी प्याड आयत गर्दैन'

काठमाडौं, २५ असार (रासस)/ ब्लुप्रिन्ट ट्रेडिड प्रालिले केही सञ्चारमाध्यममा आफ्नो प्रालीले 'सेनेटरी प्याड' आयात गरेको भनेर आएका समाचार तथ्यहीन, भ्रामक र गलत भएको स्पष्ट पारेको छ ।

केही सञ्चारमाध्यमले ब्लुप्रिन्ट ट्रेडिङले सेनेटरी प्याड आयात गरेको भनेर समाचार प्रकाशित गर पछि आज कम्पनीले प्रेस विज्ञप्ति जारी गर्दै आफूहरुले बालबालिकाका लागि डाइपर मात्रै आयात गर्ने गरेको स्पष्ट पारेको हो । "सञ्चारमाध्यममा ब्लुप्रिन्ट ट्रेडिड प्रालीका विषयमा बिनाआधार र प्रमाण प्रकाशित भएका समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । ब्लुप्रिन्ट ट्रेडिड नेपालमा बालबालिकाका लागि प्रयोग हुने डाइपर आयत गर्ने कम्पनी हो", कम्पनीका प्रबन्ध निर्देशक हेमन्त बजगाईले जारी गरेको विज्ञप्तिमा भनिएको छ । प्रालीले स्थापनादेखि अहिलेसम्म सेनेटरी प्याड आयात नगरेको जनाएको छ ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

महिला उद्यमी र उद्यमी समूहलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ हेटौंडामा महिला उद्यमी उद्यमशिलता, टेवा र प्रविधि सहयोग कार्यक्रमअन्तर्गत महिला उद्यमी र उद्यमी समूहलाई प्रविधि खरिदका लागि सहयोग प्रदान गरिएको छ ।

आफ्नो सीपलाई प्रविधिका माध्यमले काम गर्न महिला उद्यमीलाई दुई लाख रुपैयाँ र महिला उद्यमी समूहलाई पाँच लाख रुपैयाँका दरले सहयोग गरिएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत बागमती प्रदेशबाट छनौट भएका महिला उद्यमी र उद्यमी समूहलाई सहयोग गरिएको हो । महिला उद्यमी समूहमा ललितपुर महानगरपालिका-२१ को कार्यबिनायक पार्उ उद्योग र महिला उद्यमीहरुमा काठमाडौं महानगरबाट श्रृजनशिल कुप्टल हस्तकला उद्योगका कमला सुवेदी, हेटौंडा उपमहानपालिकाबाट जय प्रकृति सिलाई प्रशिक्षण केन्द्रका मेनुका श्रेष्ठ, मन्थली नगरपालिकाको च्याउके ठाँटी बंगुर फर्मका तारामाया घिसिङलाई सहयोग गरिएको छ ।

यसैं गरी, ललितपुर महानगरपालिका-८ एसआर मेटल ह्याण्डीक्राफ्टका सबुता महर्जन र भरतपुर महानगरपालिकाबाट स्वस्ती ब्यूटि पार्लर एण्ड ट्रेनिङ सेन्टरका सृजना सोतीलाई सहयोग प्रदान गरिएको हो । महिला उद्यमीहरुले जनही दुइ लाख रुपैयाँ र समूहले पाँच लाख रुपैयाँ पाएको सामाजिक वकास मन्त्रालयकी महिला विकास अधिकृत चन्द्रकुमारी ब्यञ्जनकारले जानकारी दिइन् । सहयोग हस्तान्तरण कार्यक्रममा महिला उद्यमशिलता बिकास, बिउपुँजी टेवा र प्रविधि सहयोक कार्यबिधि, २०७७ अनुसार परिचय, उद्देश्य, संचालन प्रकिया, सम्झौता बमोजिम काम गर्न प्रकियाको विषयमा अभिमुखिकरण भएको थियो ।

सहयोग पाउनेहरुले प्रत्येक ४ महिनामा चौमासिक प्रगति प्रतिबेदन स्थानीय तहमा बुझाउनु पर्ने र सम्बन्धित स्थानीय तहबाट चौमासिक प्रगति प्रतिबेदन सामाजिक बिकास मन्त्रालयमा बुझाउनु पर्ने जनाइएको छ । सम्बन्धित स्थानीय तहको वडा अध्यक्षको संयोजकत्वमा, महिला उद्यमी र महिला उद्यमी समूहका एक, स्थानीय सामाजिक व्यक्ति एक जनासहित ३ जनाको अनुगमन समिति गठन पश्चात अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने जनाइएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तगर्त प्रत्येक प्रदेशबाट २० जना महिला उद्यमी र एक वटा महिला उद्यमी समूहलाई प्रविधि उपलब्ध गराउन ४५ लाख बजेट उपलब्ध गराइएको थियो ।

शिविरमा ७० जनाको स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ हेटौंडा उपमहानगरपालिका-१७ हटियाको जुरेथुममा शनिवार स्वास्थ्य शिविर भएको छ । शिविरमा ७० जनाको नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको छ ।

डिभाईन यूथ क्लब नेपाल र राधा माधव समिति नेपाल, जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्रको संयुक्त आयोजनामा स्वास्थ्य शिविर भएको हो । शिविरमा विशेषज्ञ चिकित्सकहरुद्वारा नि:शुल्क स्वास्थ्य परीक्षणसँगै औषधि वितरण गरिएको थियो ।

शिविरमा चिराय नेश्नल हस्पिटल काठमाडौंका डाक्टर नवीन थापा, डाक्टर अभिलाषा राणा, डाक्टर अमित श्रेष्ठ, एमरेष्ट हस्पिटलका डाक्टर प्रज्ञा कार्की, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानकी नर्स अस्मिता काले, फेवा सिटी हस्पिटलका फार्मासिस्ट आस्मा भट्टराईले स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सेवा प्रदान गरेका थिए ।

हेटौंडा-१७ का वडा अध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यता तथा राधा माधव समिति नेपालका सदस्य किरण भण्डारीको सभाध्यक्षतामा भएको कार्यक्रममा डिभाईन यूथ क्लब मकवानपुरका अध्यक्ष सरोज न्यौपाने, अस्थायी प्रहरी पोष्ट हटियाका मीनबहादुर भट्टराई, सागर पन्थी, रमेश पौडेल, विकि सुवेदी, पुराज भट्टराईलगायतकाको उपस्थिति थियो ।

जगतगुरुका श्री कृपालुजी महाराजका एकमात्र नेपाली प्रचारक स्वामी हरिदासद्वारा युवाहरुमा आध्यात्मिक जागरणका साथै बहुआयामिक व्यक्तित्व विकास गर्ने उद्देश्यले संस्था स्थापना भएको हो ।

पर्यटक कुर्दै मोहिनी झरना

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुरको प्रमुख पर्यटकीय क्षेत्र थाहा नगरपालिकामा नयाँ पर्यटकीय गन्तव्य चर्चामा आएको छ । थाहा-५ स्थित मोहिनी झरनाले आन्तरिक पर्यटकलाई मोहनी लगाइरहेको छ ।

हेटौंडाबाट कुलेखानी हुँदै मार्खु पुगेपछि मोहिनी झरना पुग्न सकिन्छ । मार्खुबाट मोटरसाइकलमा करिब एक घण्टाको यात्रामा बज्रबाराहीतर्फ लागेपछि मोहिनी झरना पुगिन्छ । अग्लोडाँडाबाट तीन ठाउँ हुँदै पानी झरेको दृश्य मनमोहक छ । मोहिनी झरदा अवलोकनका लागि अधिकांश काठमाडौंबाट आन्तरिक पर्यटक आउने गरेको स्थानीयहरुले बताएका छन् । स्थानीयका अनुसार काठमाडौंबाट दैनिक ५० देखि ६० जनाको संख्यामा मोहिनी झरना अवलोकनका लागि आउने गरेका छन् ।

काठमाडौंबाट मोहिनी झरना पुग्न मोटरसाइकलमा करिब साढे ३ घण्टा लाग्ने गर्छ । हेटौंडाबाट भने ३ घण्टाको यात्रामै मोहिनी झरना पुग्न सकिने जनाइएको छ । मोहिनी झरनामा बाह्य पर्यटक भने आउने नगरेको पाइएको छ । मोहिनी झरना बारे धेरै प्रचारप्रसार नहुँदा आन्तरिक पर्यटक पनि कम आउने गरेका छन् । अब थाहा नगरपालिकाले मोहिनी झरनाको प्रवर्द्धनका लागि बजेट छुट्याएर काम गर्ने भएको छ । ५ नम्बर वडाकाको वडा अध्यक्ष विष्णुबहादुर गुरुङले झरनाको प्रवर्द्धनका लागि बजेट छुट्याएर काम गर्न लागिएको बताए ।

मोहिनी झरनाका लागि आउने पर्यटकले इन्द्रसरोबर तालसँगै भेडा फार्मपनि अवलोकन गर्न पाउँछन् ।

चिल्लाङको मनोरम दृश्यसँगै दुई दिनको प्याकेज लिएर आउँदा पर्यटकहरुले यस क्षेत्रका सबै पर्यटकीय क्षेत्रको अवलोकन गर्न सक्छन् । यस क्षेत्रमा सुविधासम्पन्न होटलहरु प्रसस्तै छन् ।

आँचल साहित्यको अध्यक्षमा सापकोटा सर्वसवम्मत

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ आँचल साहित्य कला पुञ्जको अध्यक्षमा भावना सापकोटा सर्वसवम्मत चयन भएकी छन् ।

शनिबार हेटौंडामा भएको अधिवेशनले साकोटालाई सर्वसम्मत रुपमा महिला साहित्यकारहरुको संस्था आँचल साहित्य कला पुञ्जको अध्यक्ष चयन गरेको हो । सापकोटाको नेतृत्वमा ९ सदस्यीय समिति चयन भएको छ ।

पुञ्जको उपाध्यक्षमा नीरा शर्मा, सचिवमा सविता तिमल्सिना, कोषाध्यक्षमा निर्मला ब्लोन र सहसचिवमा चण्डिका गौतम चयन भएकि छन् । यस्तै सदस्यमा भवानी तिमल्सिना, रजनी पौडेल, एलिजा पुडासैनी र ज्योत्सना श्रेष्ठ चयन भए ।

तीन वर्षे कार्यकालका लागि नवनिर्वाचित समितिले कार्यसमितिमा २ जनालाई मनोनित गरी ११ सदस्यीय समिति बनाउने नवनिर्वाचित अध्यक्ष सापकोटाले बताइन् ।

बर्खायामसँगै नाइरोबी फ्लाइ किराको संक्रमण

काठमाडौं, २५ असार (रासस)/ बर्खायामसँगै नाइरोबी फ्लाइ किरोको संक्रमण देखिएको छ । नाइरोबी फ्लाइ जातको किरा देखिए पनि डराउनुपर्ने अवस्था नरहेको चिकित्सकले बताएका छन् ।

प्राय:जसो वर्षायाममा देखिने उक्त किरा अहिले पनि देखिन थालेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ । अहिले नेपालको पूर्वी भेग तथा पश्चिमको कञ्चनपुरमा उक्त जातको किरा देखिएको महाशाखाको किटजन्य शाखा प्रमुख डा. गोकर्ण दाहालले जानकारी दिए ।

काठमाडौंको सिभिल अस्पतालमा उक्त किराका कारण संक्रमित भएका दुई जनाको उपचार गरिएको छ । उनकाअनुसार गत वर्ष पनि उक्त किराको संक्रमणका कारण तीन/चार बिरामी भेटिएका थिए ।

“अहिले पनि नाइरोबी फ्लाई किरा देखिन थालेको छ । किरा बाहिरी मुलुकबाट नआइ यही उत्पादन हुने गर्दछ”, दाहालले भने,

“किराले लामखुट्टे जस्तो संक्रमण एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सार्दैन । जनस्वास्थ्यमा ठूलोरुपमा यो किराले संक्रमण ल्याउँदैन ।”

मानिसको शरीरमा आएर बस्ने र मानिसले किरालाई हातले फाल्दा किरामा थिचिन गई रस निस्कन्छ । उक्त रसमा रहेको पेडेरिन तत्व एसिडले छालामा संक्रमण गराउँदछ । उनी किरालाई शरीरबाट सजिलै फाल्नसक्ने हो भने संक्रमण नहुने बताउछन् । “किरालाई सजिलैसँग शरीरबाट फाल्न सक्यो भने संक्रमण हुँदैन”, दाहालले भने, “किरा नरम भएकाले शरीरबाट फाल्दा थिचिने गर्दछ र यसरी थिचिँदा किराबाट एसिड निस्कन्छ । जुन एसिड शरीरलाई हानि गर्दछ ।”

एसिड छालामा लागेपछि २४ घण्टा भित्रमा छाला रातो हुने, बिबिरा आउने, जतैखटिरा आउने, चिलाउने जस्ता लक्षण देखिने महाशाखाको किटजन्य शाखा प्रमुख डा दाहालले जानकारी दिए ।

“लक्षण देखिएपछि धेरै मानिस आफैं सञ्चो भएर जान्छन्”, उनले भने, “सञ्चो नभएका नजिकैको स्वास्थ्य संस्थामा उपचारका लागि जानु पर्दछ ।”

प्राय:जसो सडेगलेका खानेकुरा, मरेको जनावर र फोहर मैला भएको ठाउँमा उक्त किरा देखिने र प्रजनन गराउने गर्दछ ।

किराबाट हुने संक्रमणबाट पेडेरस डर्माटिटिइज जस्तो रोग लाग्ने गरेको उनी बताउँछन् । किराको संक्रमणबाट देखिने रोगबारे छाला रोगका विशेषज्ञ र किरा विज्ञसँग छलफल गर्ने तयारी भइरहेको दाहालले बताए ।

मकवानपुरगढीमा पालिकास्तरीय भलिबल संघ गठन

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुरगढी गाउँपालिकामा पालिकास्तरीय भलिबल संघ गठन भएको छ ।

मकवानपुरगढीमा पालिकास्तरीय पहिलो संघ गठन गरिएको हो । शनिबार जिल्ला भलिबल संघ मकवानपुरको आयोजनामा भएको चेलाले राजेश अधिकारीको अध्यक्षतामा मकवानपुरगढी गाउँपालिका भलिबल संघ गठन गरेको छ । उपाध्यक्षमा राजन चौलागाई, सचिवमा सिंह बहादुर योञ्जन, कोषाध्यक्षमा अजय योञ्जन सर्वसम्मत चयन हुनुभएको छ । यस्तै सदस्यमा बालकृष्ण घिमिरे, जीवन बिष्ट, सन्देश तुम्सिङ मगर, बिष्मता पुडासैनी, राम छत्कुलि, विष्णु सिलवाल र भीम बहादुर थापा चयन भएका छन् ।

कार्यक्रममा मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष बसन्त कुमार सिटौलासहित पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

संसद् लोकतन्त्रको आत्मा: सभामुख सापकोटा

भक्तपुर, २५ असार (रासस)/ प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले संसद् लोकतन्त्रको आत्मा भएको बताएको छ । भक्तपुरको सानोठिमीस्थित युवा परिषद्मा आयोजना गरिएको ‘संघीय नमूना युवा संसद् अभ्यास कार्यक्रम’को उद्घाटन गर्दै उनले संसद् लोकतन्त्रको अन्तिम अर्थमा आत्मा भएको बताए ।

सभामुख सापकोटाले मानव चेतनाको स्तर जति उचो भयो त्यति नै लोकतन्त्रले जनताको पक्षमा भूमिका खेल्न सक्ने चर्चा गर्दै संसद् जनताको आवाज प्रष्फुटित हुने थलो भएको बताए । संसद्मा लोकतन्त्रको उच्चतम अभ्यास हुने थलो हुने भएको उल्लेख गर्दै उनले भने, “हामी लोकतान्त्रिक हुन सके मात्र लोकतन्त्र सफल हुन्छ, लोकतन्त्रको

विकल्प भन् उन्नत लोकतान्त्र हो, त्यो प्रवचन र भाषण दिने विषय मात्र नभई जीवन पद्धति भएको छ ।”

विचारभन्दा ठूलो दुनियाँमा केही नभएको चर्चा गर्दै सभामुख सापकोटाले निर्वाचनमा हुने विकृति र विसंगतिको अन्त्यका लागि युवाले अभियान नै चलाउनुपर्ने बताए । उनले स्थानीय तह निर्वाचनमा पैसाको खोलो बगाउने डरलाग्दो अवस्था आएको देखेर चिन्ता लागेको भन्दै त्यस्ता विकृति र विसंगतिको अन्त्य हुने गरी युवाले अभियान चलाउनुपर्ने बताए । कार्यक्रममा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतलगायतले निष्पक्ष निर्वाचनका लागि युवाहरुको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे ।

मकवानपुरका एसपी गुरुङ एसएसपी पदमा सिफारिस

हेटौंडा, २५ असार/ मकवानपुरका प्रहरी उपरीक्षक (एसपी) सुरेन्द्रबहादुर गुरुङ एसएसपी पदमा बढुवाका लागि सिफारिस भएका छन् ।

नेपाल प्रहरीको शनिबार बसेको बढुवा समितिको बैठकले मकवानपुरका प्रहरी प्रमुख उपरिक्षकसहित नेपाल प्रहरीका ३२ एसपीलाई प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) पदमा बढुवाका लागि सिफारिस गरेको हो ।

जनपद प्रहरी समूहतर्फ ३२ एसपीलाई एसएसपी पदमा बढुवाका लागि सिफारिस गरेको जनाइएको छ ।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Jumbo Moters Pvt.Ltd कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सि.नं	मालबस्तुको विवरण	आकार/ प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलक/ राष्ट्र	इकाई	अधिकतम खुद्रा इकाई मूल्य-MRP	कैफियत
१.	Electric Scooter	1500 watt	OPAI	yw06	60volt	China	75 PCS	1,43,000.00	
२.	Electric Scooter	1500 watt	OPAI	yw06	72 volt	China	40 PCS	1,66,000.00	
३.	Electric Scooter	1500 watt	OPAI	yw03	72 volt	China	35 PCS	1,65,000.00	

बिक्रता फर्मको नाम : Jumbo Moters Pvt.Ltd PAN.No:- 609821802
ठेगाना : Hetauda-16, Makawanpur Mobile.No:- 9855068577

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना